# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड५४)काठमाडौं, माघ २० गते २०६१ साल(अतिरिक्ताङ्क ४८

## भाग ३

### श्री ५ को सरकार
### सूचना तथा सञ्चार मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारबाट सम्वत् २०६१ साल माघ १९ गते बक्सभएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्षरूपमा दुरुत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्य-सामग्री, अभिमत वा व्यक्तिगत विचारसमेत प्रकाशनमा यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म निषेध गरेको छ। कसैले यो सूचना उल्लंघन गरी निषेधित कुराहरू प्रकाशन गरेमा छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ बमोजिम कारबाही हुने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारबाट सम्वत् २०६१ साल माघ १९ गते बक्सभएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतङ्ककारी तथा विध्वंसात्मक गतिविधि र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्षरूपमा दुरुत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्य-सामग्री, अभिमत वा व्यक्तिगत विचारसमेत प्रसारणमा यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म निषेध गरेको छ । कसैले यो सूचना उल्लंघन गरी निषेधित कुराहरू प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन, २०४९ बमोजिम कारबाही हुने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ ।

आज्ञाले,
मुकुन्द शर्मा पौड्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

225